# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक १७ गते २०२७ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बुटवल खानेपानी योजनाको लागि लुम्बिनी अञ्चल पाल्पा जिल्ला बुटवल खस्यौंली नगर पञ्चायत वडा नं. ५ मौजे वसन्तपुरमा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

(१) पूर्व खोल्सा, पश्चिम ढिक, उत्तर ठाडोवार, दक्षिण ठूलो ढुङ्गा यति चारकिल्ला भित्रको मालपोत रू. ।१५ (पन्द्रपैसा) लाग्ने पाखाजग्गा विगहा ९ कट्ठा १७ धुर ( नौकट्ठा सत्रधुर ) को कित्ता एक – – – – – – – १

(२) पूर्व खोल्सा, पश्चिम बसन्तपुर जाने बाटो, उत्तर माथिल्लो ढिक, दक्षिण शुक्रबहादुर-को जग्गा यति चारकिल्लाभित्रको मालपोत रू. ।२८ (अठाइसपैसा) लाग्ने पाखा जग्गा ५ कट्ठा ११ $\frac{१}{९}$ धुर (पाँच कट्ठा पौनेबाह्र धुर) को कित्ता एक– १



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९२

(३) पूर्व खोल्सा, पश्चिम बसन्तपुर जाने बाटो, उत्तर पनि बसन्तपुर जाने बाटो दक्षिण रानीकला मगरनीको जग्गा, यति चारकिल्लाभित्रमध्ये दक्षिणतर्फ जङ्गल भएको (५५ गज लम्बाइ र ३० गज चौडाइ) मालपोत रू. ।८३ (त्रियासी पैसा) लाग्नें जग्गा विगहा ४ कट्ठा १$\frac{१}{३}$ धुर (चारकट्ठा सवाएक धुर) को कित्ता एक – – – – – – – – – १

(४) पूर्व सडक, पश्चिम तिनाउ खोला उत्तर उमा मगरनीको जग्गा, दक्षिण रानीकला मगरनीको जग्गा यति चारकिल्लाभित्रमध्ये तिनाउ खोलाको पूर्व किनाराको (३० गज लम्बाइ र २४ गज चौडाइ) सम्म मालपोत रू.।७५ (पचहत्तरपैसा) लाग्ने जग्गा विगहा १ कट्ठा १५$\frac{१}{२}$ धुर (एककट्ठा साढेपन्द्र धुर)– – १

(५) पूर्व उमा मगरनीको ३ फीट अग्लो सुखा ढुङ्गाको पर्खाल, पश्चिम तिनाउ खोला, उत्तर मोनबहादुरको जग्गा, दक्षिण श्रीमान पोखरेलको जग्गा यति चारकिल्ला-भित्रमध्ये तिनाउ खोलाको पूर्वी किनाराको (३४ गज लम्बाइ र ३० गज चौडाइ) मालपोत रू. ।२५ (पच्चीसपैसा) लाग्ने जग्गा विगहा २ कट्ठा १०$\frac{१}{३}$ (दुइ कट्ठा सवादस धुर) को कित्ता एक – – – – – – १

आज्ञाले–
कृष्ण राजभण्डारी
श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६९४
मुद्रण विभाग